# भरतपुर अस्पताल विकास समिति

## बोलपत्र/दरभाउपत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७३।०२।२४**

यस अस्पतालको आ.ब.२०७३/०७४ को लागि कार्यालय सुरक्षा र सरसफाई सम्बन्धी कार्य गर्न इच्छुक इजाजत प्राप्त फर्मबाट यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको कार्यालय समयभित्र मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, सेवा करार सप्लाई गर्न पाउन इजाजत पत्रको प्रमाणपत्र, आ.ब.०७१/०७२ को कर चुक्ता प्रमाणपत्र तथा आयकर दर्ता प्रमाणपत्र तपशिलमा उल्लेखित बोलपत्रको लागि छुट्टा छुट्टै पेश गरी आफुले लिन चाहेको सेवा करारको लागि रा.बा.बैंक भरतपुरमा रहेको यस अस्पतालको च.हि.नं.९६७ मा बोलपत्र दस्तुर जम्मा गरेको बैंक भौचर संलग्न गरी E–Tender मार्फत यस कार्यालयको Website www.bharatpurhospital.gov.np बाट download गर्न सकिनेछ र ३१ औं दिनको १२.०० वजे भित्र शर्तहरुको अधिनमा रही बोलपत्र E-Tender मार्फत Upload गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागी यो सुचना प्रकाशित गरीएको छ । साथै पर्न आएका बोलपत्रहरु सोही दिनको २.०० बजे बिभिन्न प्रतिनिधिहरुको रोहवरमा यस अस्पतालमा खोलीने छ ।

तपशिल

| सि.नं. | बोलपत्र नं. | कामको विवरण | धरौटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६६/०७२/७३ | सुरक्षा सम्बन्धी कार्य | ५९०००। | ३०१० (फिर्ता नहुने) | |
| २ | ६७/०७२/७३ | सरसफाई सम्बन्धी कार्य | १७७५००। | ३०१० (फिर्ता नहुने) | |

**शर्तहरु**

१) सेवा करार :- सरसफाई र कार्यालय सुरक्षा सम्बन्धी कार्य

२) सेवा करार लिने फर्मले सेवा करार मासिक कति दररेटमा दिन सक्ने हो स्पष्ट उल्लेख गर्नपर्नेछ । धरौटी स्वरुप यस अस्पतालको नाममा जारी भएको १२० दिन मान्य भएको विड वण्ड (क वर्गको बैंकको बैक ग्यारेन्टी) वा रा.बा.बैंक भरतपुरमा रहेको को.ले.नि.का.चितवनको खाता नं. ख ३ धरौटी १३१०२०३०००००० मा रकम जम्मा गरेको सक्कलै वैंक भौचर पेश गर्नुपर्ने छ ।

३) सेवा सप्लाई गर्नुपर्ने अवधि २०७४ आषाढ मसान्त सम्मको लागि हुनेछ ।

४) कुनै कारणवश बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कायम हुनेछ ।

५) पेश गरेको बोलपत्रको दररेट अंक र अक्षरमा लेखेको हुनुपर्नेछ ।

६) सेवा करार शर्त राखेर पेश गरेको बोलपत्र स्वीकृत हुनेछैन ।

७) पर्न आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार अस्पतालमा निहित रहनेछ ।

८) सेवा करार निर्देशिका २०५९ मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

९) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछन् ।

१०) अन्य कुराहरु वुझ्न परेमा अस्पताल प्रशासनमा सर्म्पक गरि वुझ्न सकिनेछ ।

११) अस्पतालको सरसफाई लगायत अन्य सुरक्षा सम्बन्धी अन्य कार्यहरु सिफ्ट ड्युटी अनुसार गर्नुपर्नेछ ।

१२) स्वीकृत बोलपत्रदातालाई निजले बोलपत्र पेश गर्दा कबोल गरेको मासिक दररेट बाहेक अन्य कुनैपनि किसिमको थप शर्त र सुविधा राखी थप रकम माग गर्न पाईने छैन ।

Medical Superintendent